आज मिति २०७४।१०।२८गतेका दिन बिहान २:३० बजेको समयमा धनगढी उप महानगरपालिकाका नगर प्रमुख श्री नृप बहादुर वडज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसि देहाय अनुसारका निर्णयहरु गरियो ।

उपस्थिति :

नगर प्रमुख श्री नृप बहादुर वड
नगर उप प्रमुख श्री सुशीला मिश्र भट्ट
वडा नं.१ अध्यक्ष श्री सन्तोष मुडभरी
वडा नं.२ अध्यक्ष श्री ~~बिर बहादुर बम~~ मान ब. सिंह
वडा नं.३ अध्यक्ष श्री बल बहादुर ऐर
वडा नं.४ अध्यक्ष श्री दिपक कुमार थापा क्षेत्री
वडा नं.५ अध्यक्ष श्री हिरा सिंह पातली
वडा नं.६ अध्यक्ष श्री भागीराम चौधरी
वडा नं.७ अध्यक्ष श्री सिताराम राना
वडा नं.८ अध्यक्ष श्री नारायण प्रसाद बराल
वडा नं.९ अध्यक्ष श्री प्रेम बहादुर भण्डारी
वडा नं.१० अध्यक्ष श्री राजेन्द्र राना
वडा नं.११ अध्यक्ष श्री गंगाराम राना
वडा नं.१२ अध्यक्ष श्री गणेश प्रसाद जोशी
वडा नं.१३ अध्यक्ष श्री बिजय राज जोशी
वडा नं.१४ अध्यक्ष श्री राम बजारी थारु
वडा नं.१५ अध्यक्ष श्री फूलराम चौधरी
वडा नं.१६ अध्यक्ष श्री लक्ष्मीनारायण चौधरी
वडा नं.१७ अध्यक्ष श्री माधव राज राना
वडा नं.१८ अध्यक्ष श्री मुरारी अधिकारी
वडा नं.१९ अध्यक्ष श्री तिलुराम चौधरी थारु

| | |
|---|---|
| सदस्य | श्री सिता राना |
| सदस्य | श्री बसन्त कुमार ठाकुर |
| सदस्य | श्री कल्याणी सिंह |
| सदस्य | श्री गिता पन्त |
| सदस्य | श्री यशोधा भण्डारी |
| सदस्य | श्री प्रेम बहादुर वि.क |
| सदस्य | श्री रिस्नी देवी चौधरी |
| सदस्य | श्री प्रेम सिं विश्वकर्मा |
| सदस्य सचिव | श्री कृष्ण प्रसाद गौतम |

आमन्त्रित:

डिल्लीराज ओभा
दिजराज भट्ट
लेखनाथ ओभा
सुरेन्द्र सिंह कार्की
भरत बहादुर रोकाहे - कानुनी सल्लाहकार
सुयश चन्द

Scanned by CamScanner

निर्णय नं.१

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को ज अनुसार आधारभूत र माध्यमिक शिक्षा संचालन तथा व्यवस्थापन कार्यका लागि हाललाई धनगढी उप महानगरपालिकाको विद्यालय अनुमति र आधारभूत तह उत्तीर्ण परीक्षा संचालन सम्वन्धि आवश्यक व्यवस्थापन कार्यविधि २०७४ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.२

धनगढी उप महानगरपालिका नगर कार्यपालिका कार्यालयमा कम्प्युटर,प्रिन्टर तथा वडा कार्यालयहरूमा कम्प्युटर, प्रिन्टर,फर्निचर,र कार्पेट खरिद गर्ने कार्य तत्काल अगाडि वढाई वडा कार्यालयमा कम्प्युटर, प्रिन्टर,फर्निचर,र कार्पेटको व्यवस्था गर्नका लागि नगर कार्यपालिकालाई निर्देशन गर्ने निर्णय गरियो । बसपार्क व्यवस्थापनमा ग्राबेल गर्ने रकमबाट खर्च गर्ने रू १०,००,०००।(दश लाख मात्र)

निर्णय नं.३

धनगढी उप महानगरपालिका वडा नं.३राजपुर स्थित डिलाशैनी सामुदायिक वनको जग्गामा निर्माण भईरहेको सुदूरपश्चिमाञ्चल आयुर्वेद चिकित्सालय निर्माण कार्य सुचारू रूपले संचालन गर्न आवश्यक सहयोग समन्वय गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

स्थानीय सरकार संचालन ऐन २०७४ परिच्छेद ४ को सभाको वैठक र कार्यप्रणाली को दफा १९ को १ अनुसार धनगढी उप महानगरपालिकाको नगर सभाको वैठक मिति २०७४।११।२६ गते वस्ने निर्णय गरियो ।

निर्णय नं.५

धनगढी उप महानगरपालिकामा स्वास्थ्य मन्त्रालय स्वास्थ्य सेवा विभाग, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखा नेपालद्धारा विनियोजित रकम वमोजिम आ.व. ०७४।०७५ लागि शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापना तथा संचालन निर्देशिका २०७४ अनुसार धनगढी उप महानगरपालिका वडा नं. ७ मा वेली शहरी स्वास्थ्य प्रवर्धन केन्द्रको स्थापना तथा संचालनका लागि केही कर्मचारीहरू सेवा करार बाट छनौट गनुपर्ने भएकोले तपसिल वमोजिमको सेवा करारमा कर्मचारी छनौट समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल :

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण प्रसाद गौतम धनगढी उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालय | सयोजक |
| जनस्वास्थ्य प्रमुख श्री टंक प्रसाद चापागाई जिल्ला जनस्वास्थ्य कार्यालय कैलाली | सदस्य |
| आयुर्वेद चिकित्सक श्री खगेन्द्र बहादुर बम धनगढी उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालय | सदस्य |
| सहायक प्रमुख जिल्ला अधिकारी श्री मोहनराज जोशी जिल्ला प्रशासन कार्यालय कैलाली | सदस्य |
| जिल्ला न्यायाधिवक्ता श्री प्रकाश बहादुर भण्डारी | सदस्य |
| प्रशासकीय अधिकृत श्री सुरेन्द्र सिंह कार्की धनगढी उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालय | सदस्य सचिव |

निर्णय नं.६

योजना तथा प्राविधिक शाखामा कार्यालय सहयोगीको अभाव भएकोले हाललाई असार मसान्त सम्मका लागि कन्टेन्जेन्सी रकमवाट दैनीक ज्यालादारीमा कार्यालय सहयोगी राख्ने निर्णय गरियो ।

निर्णय नं ७

Scanned by CamScanner

धनगढी उप महानगरपालिकाको नेपाल राष्ट्रिय बैंकमा रहेको तपसिल बमोजिमको विशेष कोष खाता रा.बा.बैंकमा खोल्ने निर्णय गरियो ।

१। कर्मचारी कल्याण कोष

२। वातावरण संरक्षण कोष

३।मर्मत सम्भार कोष

४। विपत व्यवस्थापन कोष

५।नेपाल बैंक लिमिटेडमा रहेको जगेडा कोष खाता

निर्णय नं.८

धनगढी उप महानगरपालिकाका वडाका वडा अध्यक्षहरूलाई तथा नगर कार्यपालिकाका सदस्यहरूलाई प्रत्येक महिना संचार सुविधा बापत पुष महिना देखि रू ७००। का दरले नगरपालिकाले प्रदान गरेको सिममा रिचार्ज गरिदिने निर्णय गरियो ।

निर्णय ९

मिति २०७४।९।९ गते,मिति २०७४।१०।१ र मिति २०७४।१०।११ गते तीन पटक सम्म नगरपालिकाको स्वामित्वमा रहेको वसपार्क टर्मिनल भवनको माथिल्लो तलालाई भाडामा लगाउने सम्वन्धमा सूचना प्रकासित गर्दा समेत कुनै पनि व्यक्ति तथा संस्थाहरूले घर भाडामा लिने सम्वन्धमा निवेदन पेश नगरेका कारण उक्त घरको कोठाको भाडा पुन: संसोधन गर्न आवस्यक भएकोले उक्त स्थान नजिक रहेका व्यापारिक पसलहरूको प्रति कोठाको चलनचल्ती भाडा दरलाई आधार मानी वसपार्क टर्मिनल भवनको माथिल्लो तलाको प्रति कोठा रू ६०००। न्युनतम मूल्य कायम गरि ७ दिन सिलवन्दि आह्वानको सूचना प्रकासित गर्ने निर्णय मिति२०७४।१०।२७ गतेको राजश्व परामर्श समिति बाट सिफारिश भए अनुसार उक्त टर्मिनल भवनको माथिल्लो तलाको प्रति कोठा रू ६०००। न्यूनतम मूल्य कायम गरि ७ दिने सिलवन्दि आह्वानको सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

निर्णय नं.१०

धनगढी उप महानगरपालिका कार्यालयमा विभिन्न मितिमा पेश हुन आएका आर्थिक सहायता तथा सहुलियतका सामाग्रीका लागि माग गरिएको सम्वन्धमा छलफल हंदा तपसिलमा रहेका संघ संस्था तथा व्यक्तिलाई तपसिल बमोजिम आर्थिक सहायता तथा सहुलियत सामाग्री उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

१। मनोज चन्द (अनेक विद्यामा निपुर्णलाई) रू २१०००। अन्य सामाजिक क्षेत्र अनुदान

२। वडा नं. ३ को अधुरो पिच कालो पत्रे कार्यका लागि रू ४९८४८२५८।लागत ईष्टिमेट

३। वडा नं. १४ को शिवशक्ति युवा क्लवलाई रू २५०००। खेलकुद

४। गौरा महोत्सवलाई रू २१०००। संस्कृति सम्बर्धन

५। राजेन्द्र थापालाई (ध.उ.म.न.पा क्षेत्र भित्र रहेका पर्यटन क्षेत्र ,रमणीय स्थल,ताल तलैया धार्मीक मठ मन्दिरको परिदृश्य उजागर गरि धार्मीक तथा पर्यटक क्षेत्रमा आर्थिक समृद्धि अभिवृद्धिका निम्ति रू १००,०००।) कार्य प्रारम्भ वापत रू ५०,०००। र कार्य सम्पन्न पश्चात रू ५०,०००।

६।वडा प्रहरी कार्यालयको गाडीको क्षेत्रीको मर्मत सम्भार तथा घाईते जवानको उपचारका लागि रू १८०००।

७।धनगढी उप महानगरपालिका क्षेत्रमा रहेको कारागारमा रहेका कैदिवन्दिको अध्ययन प्रयोजनका लागि पुस्तक खरिद वापत रू १५,०००।

८।के. एम. मिडिया प्रा.लि.ले नगर सभाको डकुमेन्ट्रि डिभिडी भिडियोग्राफी निर्माण वापत रू ११,०००।

९।फरक क्षमता भएका (अन्धा संघ) वार्षिक साधारण सभालाई रू ७०००।

Scanned by CamScanner

१०।वेलादेवीपुर धाम संरक्षण समुहलाई होली पर्व बापत रू ७०००। सांस्कृति प्रवर्धन
११।क्यान्सर पिडित लेखनाथ संन्जेललाई रू ७०००। स्वास्थ्य अन्त
१२।लिटिल फ्लावर नगर स्तरीय किकेट आयोजनाका लागि रू २५,०००। खेलकुद
१३।जिल्ला प्रशासन कार्यालयको गाडी मर्मत कार्यका लागि रू१७६,०००। मर्मत
१४।हिव्ल चियर ५ थान (फरक क्षमता भएका व्यक्तिलाई) रू१२५,०००। स्वीकृत योजना
१५।खानेपानि धारा ५ थान रू १२५,०००।
१६।रेडकस सोसाईटी रू २५,०००। संघ संस्था

निर्णय न.११

धनगढी उप महानगरपालिकाले तयार पारेको संगठन विकास योजना, २०६६ लाई मिति २०६७।०३।३० गतेको साविकको नगर परिषदले पास गरिसकेको हुँदा यस कार्यालयमा कार्यरत कर्मचारीहरुको वढुवा गर्नु पर्ने भएकोले वढुवाका लागि योग्य भएका कर्मचारीहरुको नियमानुसार कार्यक्षमताको मुल्याङ्कनका आधारमा,जेष्ठता र कार्यसम्पादनको आधारमा तथा आन्तरिक प्रतिस्पर्धाका आधारमा वढुवा गर्नुपर्ने र मिति २०७४।०४।१९ गतेको नगर कार्यपालिका (कार्य विभाजन) नियमावली २०७४ वमोजिम नगरपालिकामा रहने विषयगत शाखा, महाशाखा, उप शाखा वनाई मिति २०७४।०४।२३ गतेको प्रथम नगरसभा वाट संगठन तालिका समेत स्वीकृत भई सकेकोले यस कार्यालयमा स्थायी नियुक्ति पाई नियमानुसार वढुवा हुन योग्य भएका कर्मचारीहरुलाई वढुवा प्रकृया अगाडी वढाउने कार्यका लागि श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय संग आवश्यक निर्देशन माग गर्ने निर्णय गरियो ।

आजको बैठकका निर्णयहरु प्रमाणित गर्दछु।
२०७४।१०।२८

Scanned by CamScanner